वकालत मञ्च-नेपाल
ADVOCACY FORUM- NEPAL
*Lawyers forum for human rights and rule of law*

## प्रेश विज्ञप्ती

## ०४ बैशाख २०७४

# मैना सुनुवारको मुद्दामा तीन सैनिक अधिकृतलाई २० बर्ष कैद सजाय

**काठमाडौं :** १३ बर्षको कानूनी लडाई पश्चात् काभ्रे जिल्ला अदालतले मैना सुनुवारको हत्यामा संलग्न तीन जना सैनिक अधिकृतहरुलाई दोषी ठहर गरेको छ । तर एक जना बहालवाला सैनिक अधिकृतलाई भने सफाई दिएको छ । (मैनाको मुद्दा सम्बन्धि थप जानकारीका लागि हेर्नुहोस: मैना सुनुवार : असंगत तर्कहरु र वास्तविकता,

http://advocacyforum.org/downloads/pdf/publications/maina-nepali.pdf

मुद्दामा फैसला सुनाउँदै काभ्रे जिल्ला अदालतले पूर्व सैनिक अधिकृतहरु महासेनानी बबी खत्री, सहसेनानी द्वय अमित पुन र सुनिल प्रसाद अधिकारीलाई मैना सुनुवारको मुद्दामा दोषी ठहर गरी जनही २० बर्षको कैद सजाय सुनाएको छ । बहालवाला सैनिक अधिकृत सेनानी निरन्जन बस्नेतलाई भने अदालतले सफाई दिएको छ । उनीहरुलाई अदालतको आदेश बमोजिम पक्राउ गरी जेल हालिन्छ कि हालिन्न भन्ने हेर्न बाँकी छ ।

मैनाकी आमा देबी सुनुवारले २०६२ कार्तिक २७ मा जिल्ला प्रहरी कार्यालय काभ्रेमा जाहेरी दर्ता गरेकी थिइन । लामो समयसम्म जाहेरी उपर कुनै कारबाही नभए पछि उनले बाध्य भएर सर्वोच्च अदालतको ढोका ढकढक्याउन पुगेकी थिइन् । २०६४ असोज १ मा सर्वोच्च अदालतले ३ महिना भित्र अनुसन्धान पुरा गर्न आदेश दिएको थियो । काभ्रे जिल्ला सरकारी वकिलको कार्यालयले २०६४ माघ १७ मा अभियुक्तहरुलाई जन्मकैदको मागदाबी गर्दै काभ्रे जिल्ला अदालतमा अभियोग पत्र दायर गरेको थियो ।

काभ्रे जिल्ला अदालतले २०६४ फागुन ०२ मा अभियुक्तहरुलाई पक्राउ गर्ने आदेश जारी गरे पनि अभियुक्तहरु फरार थिए ।

२०७० असोज ०१ मा माननीय न्यायाधिश ईश्वर राज आचार्यको इजलासले मुद्दालाई मुल्तवीमा राख्ने निर्णय गरेको थियो । तर पीडितकी आमाले उक्त आदेशलाई चुनौती दिएकी थिइन । फलस्वरुप २०७२ पौष २८ मा माननीय न्यायाधिश अवानी मैनाली (भट्टराई) को इजलासले मुद्दालाई जगाउने फैसला गरेको थियो ।

विभिन्न कारणले धेरै पटक मुद्दाको सुनुवाई सरेपनि काभ्रे जिल्ला अदालतले माथि उल्लेखित अभियुक्तहरुलाई मैना सुनुवारको हत्यामा दोषी ठहर गरेको छ ।

Head Office: P. O. Box No. 21798, Baluwatar Marg 94/14, Gairidhara, Kathmamndu, Nepal, Phone: 977-:01- 4425561/4432309 / 8, Fax: 977-01- 443230, Email: info@advocacyforum.org.np, advocacyforumnepal@gmail.com, URL: http:// www.advocacyforum.org

Regional & Branch Offices

Eastern Biratnagar Tel: 977-21-530666
Western Pokhara Tel : 977-61-5524342
Mid Western Nepalgunj Tel: 977-81-526278
Far Western Kanchanpur Tel: 977-99-525399

"अदालतको यस फैसलाले न्यायको आशा जगाएको छ । म मेरो वकिललाई यस मुद्दाका आरोपी एकजना बहालवाला सैनिक अधिकृतले कुन आधारमा सफाई पाएका हुन, त्यसको कानूनी विश्लेषण गर्न अनुरोध गर्दछु । मैलै मेरी छोरीको आत्मासँग प्रतिज्ञा गरेकी थिएँ कि जबसम्म उनको हत्यारालाई दोषी करार भई जेलमा थुनिदैन तबसम्म उनको अन्तिम संस्कार गर्ने छैन । पछिल्ला समय अदालतको आदेश नै कार्यान्वयन नभएको हुँदा अब अदालतको फैसला कार्यान्वयन हुन्छ कि हुन्न भन्ने शंकाले मेरी दिवंगत छोरीको अन्तिम संस्कार गरौं कि नगरौं भन्ने दुविधामा परेकी छु । यसर्थ अदालतको आदेशको शिघ्र पालना होस । मैले मेरी प्यारी छोरीको अन्तिम संस्कार गर्न पाउँ ।" देबी सनुवार भन्छिन् ।

"यस मुद्दामा हामीले १३ बर्षसम्म पीडादायी कानूनी लडाई लड्यौं । द्वन्दकालमा एड्भोकेसी फोरमले हजारौं पीडितहरुको घटनाको अभिलेखिकरण गरी कानूनी सहायता प्रदान गर्दै अधिकांश मुद्दामा कानूनी प्रतिनिधित्व गर्दै आएको छ । मैना सुनुवारको मुद्दा त्यस मध्येको एक हो । हाम्रो निरन्तर प्रयासका बावजुद पीडकहरुलाई कानूनी दायरामा ल्याउन सकिएको छैन् । नेपालमा व्याप्त दण्डहिनता र यसले प्रजातान्त्रिक नेपालको मुख्य धरोहर कानूनी शासनमा पारेको असरले हामीलाई मर्माहत बनाएको छ । यस सन्दर्भमा मैनाको मुद्दामा भएको फैसला हाम्रा लागि ठूलो उपलब्धी हो । यसले कानून भन्दा माथि कोही हुनुहुँदैन भन्ने हाम्रो अभियानमा उर्जा थपेको छ ।" एड्भोकेसी फोरमकी संस्थापक मन्दिरा शर्मा भन्छिन् ।

"हामीले यस मुद्दालाई एक दशक भन्दा बढि समय देखि अनुगमन गरी कानूनी सहायता प्रदान गर्दै आइरहेका छौं । हामीले पीडित परिवारलाई कानूनी सहायता मात्र प्रदान नगरी पक्राउको समय देखि नै उनको परिवारको न्यायको लडाईमा साथ दिंदै आएका हौं । अदालतको निर्णयले मैना जस्ता मानव अधिकार हननका पीडितहरुलाई देश भित्रै न्याय प्राप्त गर्न सम्भव छ भन्ने केहि आशा दिएको छ," एड्भोकेसी फोरमका निर्देशक ओम प्रकाश सेनले भने ।

**थप जानकारीका लागि :**

देबी सुनुवार : ९८४११०८४४७

ओम प्रकाश सेन ठकुरी : ९८४१२७५७३२

पुष्पराज पौडेल : ९८५१०४२८११

Head Office: P. O. Box No. 21798, Baluwatar Marg 94/14, Gairidhara, Kathmamndu, Nepal, Phone: 977-:01- 4425561/4432309 / 8, Fax: 977-01- 443230, Email: info@advocacyforum.org.np, advocacyforumnepal@gmail.com, URL: http:// www.advocacyforum.org

Regional & Branch Offices
Eastern Biratnagar Tel: 977-21-530666
Western Pokhara Tel : 977-61-5524342
Mid Western Nepalgunj Tel: 977-81-526278
Far Western Kanchanpur Tel: 977-99-525399